नेपाल सरकार

**दुहवी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

दुहवी,सुनसरी

१ नं.प्रदेश नेपाल

# जेनेरेटर खरिद कार्यको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७५/१२/६)

यस दुहवी नगर कार्यपालिकाको स्वीकृत स्फेसिफिकेशन अनुसारको जेनेरेटर खरिद गरी आपुर्ति कार्य गर्नु पर्ने भएकोले नेपाल सरकारबाट सम्बन्धित कामको लागि इजाजत प्राप्त इच्छुक आपुर्तिकर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही खरिद कार्यको लागि रीतपूर्वक शिलबन्दी दरभाउपत्र आह्वानको १५(पन्द्र) दिने सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फारम खरिद गर्न इच्छुक आपुर्तिकर्ता आफ्नो फर्मको लेटरप्याडमा अधिकार प्राप्त व्यक्तीले दस्तखत गरेको लिखित निवेदन पत्र साथ आ.व. २०७५/०७६ को लागि नवीकरण तथा यस आ.व.को लागि मान्यता प्राप्त भएको आपुर्तिकर्ताको प्रमाणपत्र, व्यवसाय ईजाजतपत्र, स्थायी लेखा दर्ता न. एवं आयकर तथा मु.अ.कर दर्ता प्रमाण पत्रको विवरण पेश गरेको कागजात सहित पेश गर्नुपर्ने छ ।

२. दरभाउपत्र फाराम दस्तुर रु.१०००।०० (फिर्ता नहुने गरि) नगद यस कार्यालयमा जम्मा गरि जम्मा गरेको रसिद आवश्यक कागजात साथ संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिन (२०७५/१२/२०) सम्म कार्यालय समय भित्र यस कार्यालयबाट बुझाई फाराम खरिद गर्न सकिनेछ ।

३.खरिद गरिएको दरभाउपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको दिउसो १२.०० बजे भित्र नगर कार्यपालिकाको कार्यालयको नाममा सम्वोधन गरि ठेक्का न.,दरभाउपत्रवालाको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाइ अनिवार्य रुपमा लाहाछाप गरि यस कार्यालयमा दर्ता गराउन सकिने छ ।

४ दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु नियमानुसार कार्यालयका प्रतिनिधिहरुको रोहवरमा सोही दिनको २.०० बजे खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५.शिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा खरिद गर्ने, दर्ता गर्ने वा खोल्ने काम हुनेछ ।

६.दरभाउपत्र सम्बन्धि कागजात दाखिला गर्दा दरभाउपत्र फारममा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण दरभाउपत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

७.दरभाउपत्र फारम पेश गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिइएकोलाई मान्यता दिइनेछ । साथै केरमेट भएको ठाउँमा सही छाप हुनु पर्नेछ ।

८.शिलबन्दी दरभाउपत्र साथ जमानत वापत तपशिलमा उल्लेखित रकम यस कार्यालयको एन आइ सी एसिया बैक शाखा दुहवीमा रहेको **ग(३) धरौटी खाता नं. A8CA499378524003** मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ७५ दिन म्याद भएको जमानी पत्र समावेश भएको हुनु पर्नेछ ।

९.कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०.दरभाउपत्र सम्बन्धी केही बुझ्नुपरेमा यस कार्यालयको फोन नं.०२५५४००२४ वा कार्यालयमा कार्यालय समयमा सम्पर्क राख्न सकिने छ ।

११. दरभाउपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

तपशिल

| सि.नं. | ठेक्का नं. | सामानको विवरण | धरौटी रकम | ल.ई.रकम (भ्याट बाहेक) रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | SQ/०१/०७५/७६ | वाटर/एयर कूल्ड क्लास एच थ्रि फेज कम्तिमा ६२ के.भी.ए.जेनेरेटर खरिद गरि आपुर्ति गर्ने कार्य | २६०००/०० | १०१७७००/०० | |